# ALL INDIA RADIO GANGTOK
## NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs　　　　　　　　　　　　　　　Date: 03.08.2024

### CM-Crucial Meeting: IPR

आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङका अध्यक्षतामा सम्मान भवनमा महत्त्वपूर्ण बैठक बस्यो। बैठकको मुख्य एजेन्डा सिक्किमका छोडिएका 12 आदिवासी जनजाति समुदायलाई अनुसूचित जनजाति वर्गमा समावेश गर्ने दिशामा भइरहेको प्रगतिबारे नयाँ जानकारी दिनु र रणनीति तयार पार्नु रहेको थियो। मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा यो समस्या सुल्झाउन राज्य सरकारद्वारा गरिएको प्रयासबारे प्रकाश पार्नुभयो र एकताबद्ध दृष्टिकोणको महत्वमा जोड दिनुभयो। उहाँले भारत सरकारको जनजाति मामिला मन्त्रालयसँग भर्खरै भएको कुराकानीबारे उल्लेख गर्दै, यसलाई जारी प्रयासमा सकारात्मक प्रगति ठानिएको बताउनुभयो। मुख्यमन्त्रीले छोडिएका 12 समुदायका प्रतिनिधिहरूलाई आदिवासी पहिचानको साझा लक्ष्य हासिल गर्न एकजुट भईर काम गर्न आग्रह गर्नुभयो र समुदायको जातिय-वंशावली रिपोर्ट तयार पार्न प्रतिनिधिहरूलाई निर्देशन दिनुभयो।

### Sambit Patra-Sikkim Visit: IPR

पुरी लोकसभा सांसद तथा भाजपाका राष्ट्रिय प्रवक्ता डाक्टर सम्बित पात्रा आज सिक्किम आइपुग्नुभएको छ। उहाँले सिक्किमको दुई दिने भ्रमणका क्रममा, स्थानीय हितधारकहरूसँग आर्थिक वर्ष 2024-25 का लागि केन्द्रीय बजेटबारे विश्लेषण र छलफल गर्नुहुनेछ। डा. पात्रालाई रम्फू पर्यटक सुविधा केन्द्रमा आइपुगेपछि रम्फूका महकुमा अधिकारी श्री थेन्डुप लेप्चाले स्वागत गर्नुभयो।

### Freedom Run-in all districts: IPR/Madhu Sharmar

गान्तोक जिल्ला प्रशासनिक केन्द्रले आज समाज कल्याण विभागसँगको सहकार्यमा **‘नशा मुक्त भारत अभियान’** अन्तर्गत स्वतन्त्रता दौड आयोजना गऱ्यो। मन्त्री श्री सम्दुप लेप्चाले दौडलाई प्रस्थान गराउनुभयो। गेजिङ जिल्ला प्रशासनले पनि 78 औं स्वतन्त्रता दिवस मनाउने क्रममा समाज कल्याण विभागसँगको सहकार्यमा नशा मुक्त सिक्किमको ब्यानरमा लागुऔषधमुक्त सिक्किमलाई प्रवर्धन गर्ने उद्देश्यले खुला म्याराथन "स्वतन्त्र दौड" आयोजना गऱ्यो। त्यसै गरी, नाम्चीका जिल्लापाल सुश्री अनुपा ताम्लिङले नशा मुक्त भारत अभियान अन्तर्गत नाम्चीमा स्वतन्त्रता दौडलाई प्रस्थान गराउनुभयो। मङ्गन जिल्ला प्रशासनले समाज कल्याण विभागसँगको सहकार्यमा नशा मुक्त भारत अभियान अन्तर्गत र पाकिम जिल्ला प्रशासनिक केन्द्रले सिक्किम शैक्षिक समाजसँगको सहकार्यमा नशा मुक्त भारत अभियान अन्तर्गत नशा मुक्त सिक्किमको भागका रूपमा खुला म्याराथन आयोजना गऱ्यो। त्यसरी नै, लागुऔषध दुरुपयोग तथा दुर्व्यसन विरुद्ध सचेतना फैलाउने उद्देश्यले सोरेङ जिल्ला प्रशासनले नशा मुक्त भारत अभियान अन्तर्गत आज स्वतन्त्रता दौडको आयोजना गऱ्यो।

## Mangan- inspection for affected residents: IPR

चुङथाङका महकुमा अधिकारी श्री अरुण क्षेत्रीको नेतृत्वमा रहेको टोलीले आज टुङ, रेल र नागा वार्डका जनताको पुनस्र्थानाका लागि संयुक्त निरीक्षण तथा जग्गा मापन गरेको छ। सर्वेक्षणका क्रममा, टोलीले गत वर्ष आएको बाढी र यस क्षेत्रमा परिरहेको अविरल वर्षाका कारण गएको पहिरोबाट प्रभावित बासिन्दाको पुनर्स्थापनाका लागि हेङ र बोजोघारीका पहिचान गरिएको जग्गाको विस्तृत निरीक्षण गरेको छ। खानी तथा भूगर्भ विभागले छिट्टै पहिचान गरिएका जग्गाहरूको स्थायित्व प्रतिवेदन जनतालाई पुनर्स्थापना गर्न थप प्रक्रियाका लागि राज्य सरकारलाई बुझाउनेछ।

## Sikkimese Film in International Festival: Social Media

सिक्किमका फिल्म निर्माता श्री टेम्पो भोटियाको छोटो चलचित्र **"भोक"** मोक्खो अन्तर्राष्ट्रिय चलचित्र उत्सवमा उत्कृष्ट सर्ट फिल्म विधाका लागि मनोनित भएको छ। यो नेपाली भाषामा निर्माण गरिएको छोटो चलचित्र हो। निर्देशक श्री भोटिया भन्नुहुन्छ, 'विश्वभरका धेरै चलचित्रसँग प्रतिस्पर्धा गरेपछि यो विधामा मनोनयनमा पर्न पाउँदा उत्साहित महसुस गरेको छु।'

## STNMID Football Tournament: Sagar Chettri

आठ क्लब सहभागी रहने छोग्याल सर टाशी नामग्याल स्मृति स्वतन्त्रता दिवस फुटबल प्रतियोगिता 2024 अगस्ट 8 देखि गान्तोकको पाल्जर स्डोडियममा सुरु हुँदै छ। उद्घाटन खेल कुमार स्पोर्टिङ गान्तोक र नेपाल ए.पी.एफ क्लबबीच अगस्ट 8 तारिख दिउँसो साढे दुई बजे हुनेछ। सेमिफाइनल खेल 12 र 13 अगस्ट अनि फाइनल अगस्ट 15 मा हुनेछ।

## Pakyong-Footbal Tournament: Ajay Thami

स्वतन्त्रता दिवस नकआउट फुटबल प्रतियोगिता 2024 पाकिम सेन्ट जेभियर्स स्कूल खेल मैदानमा सुरु भएको छ। उद्घाटन खेल डोङग्रोङ फुटबल क्लब र रिनाक-रङली स्पोर्ट्स एकेडेमीबीच भिडन्त भएको थियो, जसमा डोङ्ग्रोङ एफसी 4-2 गोलले विजयी हुँदै प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको छ। भोलि आक्रमाण एफ.सीले सेन्ट जेभियर्स स्कुल 'ब्लु' सँग खेल्नेछ।